# स्थानीय राजपत्र

**सियारी गाउँपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्डः ६ सियारी, माघ १० गते, २०७९ साल संख्याः २५ अतिरिक्ताङ्क**


## भाग–१

**स्थानीय सरकार**
**सियारी गाउँपालिका, रूपन्देही**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सियारी गाउँपालिकाको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत २०७९ सालको ऐन नं. ७**

## ऐनको नामः सियारी गाउँपालिकाको शिक्षा ऐन, २०७४

## (पहिलो संशोधन, २०७९)

१. ऐनको दफा ४ को (१) को (ङ) मा रहेको स्रोतव्यक्ति भन्ने शव्दको सट्टा प्रमुख प्रशासकीय अधिकृत।

२. ऐनको दफा ४ को (२) पछि रहेको स्रोतव्यक्ति भन्ने शव्दको सट्टा शिक्षा, युवा तथा खेलकूद शाखाको शिक्षा सेवाको प्राविधिक सहायक पाँचौतह भन्ने वाक्य थप गरिएको।

३. ऐनको दफा ९ को (१) को (क) रहेको वा निजले तोकेको व्यक्ति भन्ने वाक्य हटाइएको।

४. ऐनको दफा ९ को १ को (ङ) रहेको प्र.अ. पछि प्र.अ. र शिक्षकहरु भन्ने वाक्य थप गरिएको।

५. ऐनको दफा ९ को (२) मा रहेको स्रोतव्यक्ति भन्ने शव्द हटाइ त्यसको सट्टा शिक्षा, युवा तथा खेलकूद शाखाको शिक्षा सेवाको प्राविधिक सहायक भन्ने वाक्य थप गरिएको।

६. ऐनको दफा १६ को (१) को (घ) रहेको जग्गादाता पछि वा दाता समाजसेवीहरु वाक्य थप गरिएको ।

७. ऐनको दफा १९ को (घ) पछि (ङ) थप गरिएको छ (ङ) विद्यालय व्यवस्थापन समिति सदस्यको योग्यता एसइइ हुनेछ। सो नपाइएमा सो भन्दा कम योग्यताको व्यक्ति पनि सदस्य हुन सक्नेछ ।

८. ऐनको दफा २४ को (१) (क) को सट्टा शिक्षा समिति संयोजकले मनोनित गरेको अभिभावक वा समाजसेवीहरु मध्ये १ जना - अध्यक्ष गरिएको।

९. ऐनको दफा ३७ पछि दफा ३७(क), ३७(ख), ३७(ग), ३७(घ), ३७(ङ), ३७(च), ३७(छ) र ३७(ज) थप गरिएको :

**१०. ऐनको ३७(क) शिक्षकको सरुवा सम्वन्धी थप :**

## ३७क शिक्षकको सरुवा सम्वन्धी व्यवस्था :

१. सम्वन्धित शिक्षकको सहमतिमा र दुवै विद्यालय व्यवस्थापन समितिको सहमतिमा गाउँपालिका भित्र एक विद्यालयवाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरवन्दी भित्र शिक्षा समितिको सिफारिसमा

कार्यपालिकाले सरुवा गर्न सक्नेछ। तर कुनै विद्यालयमा शैक्षिक वातावरण खल्बलिने अवस्था भएमा वा हुनसक्ने गाउँपालिका शिक्षा समितिलाई लागेका समितिको सिफारिसमा कार्यपालिकाको निर्णाअनुसार सरूवा गर्न सकिनेछ।

२. सम्वन्धित शिक्षक तथा कर्मचारीको सहमतिमा स्थायी, अस्थायी करार, राहत, गाउँपालिकाले सृजना गरेको अस्थायी दरवन्दीमा कार्यरत शिक्षक वालविकास शिक्षक र विद्यालय कर्मचारीलाई सरुवा गरिनेछ।

३. शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा मात्र गरिनेछ।

४. एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा चार वर्ष सेवा पूरा नगरी सरुवा गरिने छैन तर शिक्षकलाई परिस्थिति जन्य आवश्यकता परेमा वा कुनै विद्यालयमा कार्यरत शिक्षक अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ।

५. शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

६. **शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछ :**

(क) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा।

(ख) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पूरा नगरेको भनि व्यवस्थापन समितिले निर्णय गरि पठाएकोमा शिक्षा अधिकृतवाट स्थलगत अनुगमन गर्दा सही अवस्था भएमा।

(ग) उपनियम (५) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिए बमोजिमको अवस्था भएमा ।

(घ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा।

(ङ) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा।

(च) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा स्थानान्तरण गर्न आवश्यक देखिएमा प्रोत्साहन सहित पठाउन सकिनेछ।

१. पति पत्नि दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा।

२. शिक्षक सरुवाको अन्य मापदण्ड शिक्षा समितिले तोके वमोजिम हुनेछ।

३. स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन।

४. उपनियम (७) बमोजिम सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक शिक्षिका र महिलालाई पायक पर्ने स्थानमा सरुवाको लागि प्राथमिकता गरिनेछ ।

५. शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा कार्यरतलाई सरुवा भइ जान चाहेमा प्राथमिकता दिइनेछ ।

६. सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई तोकिए बमोजिमको ढाँचामा रमाना

पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई समेत दिनु पर्नेछ ।

**३७(ख) शिक्षकको नियुक्ति र पदस्थापना सम्वन्धी व्यवस्थाः शिक्षकहरुको नियुक्ति र पदस्थापना निम्नानुसार हुनेछ।**

१. सियारी गाउँपालिकाले विद्यालयमा रिक्त हुने स्थायी दरबन्दी, गाउँपालिकाले सृजना गरेको अस्थायी दरवन्दी वा उच्च मा.वि. अनुदान कोटा वा शिक्षण सिकाइ अनुदान वा अस्थायी करार वा राहतमा नियमानुसार विज्ञापन अनुमति प्रदान गरी तोकिएको प्रक्रिया अवलम्वन गरि सियारी गाउँपालिकाले नियुक्ति प्रक्रिया गर्नेछ ।

११. स्थायी नियुक्त भइ पदस्थापनाको लागि शिक्षा विकास तथा समन्वय इकाई वा शिक्षा विकास निर्देशनालय वा शिक्षा तथा मानवस्रोत विकास केन्द्रले पठाएका शिक्षकहरुलाई विद्यालयहरुमा भएको दरवन्दी संख्या, विद्यार्थी संख्या र दरबन्दी मिलानलाई आधारमानी सियारी शिक्षा समितिको सिफारिसमा पदस्थापना गर्नेछ ।

३७ (ग) प्रधानाध्यापकको नियुक्ति र पदस्थापना सम्बन्धी व्यवस्था

१. प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

२. सवै विद्यालयमा योग्यता पुगेका प्र.अ.हरुको नियुक्तिको लागि सम्वन्धित तहको स्थायी शिक्षकहरुवाट प्रधानअध्यापक नियुक्तिको लागि सम्वन्धित विद्यालय व्यवस्थापन समिति वा गाउँपालिकाले विज्ञापन गरी नियुक्तिको प्रक्रिया अगाडि वढाउन सक्नेछ । तर समान तहको स्थायी शिक्षक नभएमा करार अस्थायी/राहत शिक्षकलाई पनि प्र.अ.पदको उम्मेदवार वन्न वाधा पर्ने छैन। प्र.अ.को पदावधि ५ वर्षको हुनेछ। यसको मूल्यांकन समिति सियारी शिक्षा ऐन, २०७४ को दफा ४६ वमोजिम हुनेछ । प्र.अ. छनौटको हकमा प्र.अ.को उम्मेदवार नभएको वरिष्ठ

शिक्षक सदस्य सचिव भइ काम गर्नेछ ।मूल्यांकनका आधारहरु यसै दफाको उपदफा १३ वमोजिम हुनेछ ।

३. आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तह कक्षा आठसम्मको विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तह कक्षा वालविकास देखि ९ वा १२ सम्मको विद्यालय भएमा कम्तीमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ ।

४. विद्यालयमा कम्तीमा तीन वर्ष स्थायी/अस्थायी/राहत शिक्षकको रुपमा शिक्षण अनुभव भएको शिक्षक मात्र प्र.अ. पदमा उम्मेदवार हुन योग्यता पुगेको मानिने छ। दरबन्दी नभएका विद्यालयका हकमा निजीस्रोतमा नियुक्ति भएको कम्तीमा ३ वर्ष पुरा भएको ।

५. उपनियम (३) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्तिको लागि सम्वन्धि विद्यालय व्यवस्थापन समितिले विज्ञापन गरि नियुक्तीको सिफारिस भइ आएमा शिक्षा अधिकृतसँग पञ्चवर्षिय कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

६. एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन।

७. उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई गाँउ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ ।

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन तथा यस नियमावली विपरीतको कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(घ) विद्यालयको चल अचल सम्पत्ति हिनामिना गरेमा,

१. सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपनियम (६) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकृतले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी गराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन गाँउकार्यपालिका समक्ष राय सहित पेश गर्नु पर्नेछ ।

२. उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियम बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

३. सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये माथिल्लो श्रेणीका वरिष्ठ स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ ।

४. शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिनेछ ।

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ग) खण्ड (क) र (ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्ति मितिको आधारमा,

(घ) खण्ड (क), (ख) र (ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा, तर खुला, कार्यक्षमता मूल्याँकन, आन्तरिक वढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता, आन्तरिक र खुला प्रतियोगिताको क्रमलाई मान्यता दिइनेछ।

१२. विद्यालय व्यवस्थापन समितिले विज्ञापन नगरि प्र.अ.बाट पदमुक्त गरी वा अन्य कुनै कारणले प्र.अ.को पद रिक्त रहेको अवस्थामा समितिले निमित्त प्र.अ. जिम्मेवारी दिई स्थायी प्र.अ.नियुक्तको प्रक्रिया नगरेको अवस्थामा जुन विद्यालयमा प्र.अ. रिक्त भएको हो सोही विद्यालयका शिक्षकहरुमध्ये योग्यता पुगेका शिक्षकहरु मध्येवाट वि.व्य. समितिले विज्ञापनको प्रकृया अगाडी वढाउन सक्नेछ। वि.व्य.स.ले विज्ञापन नगरेको अवस्थामा सियारी गाउँपालिकाभित्र सामुदायिक विद्यालयहरुमा प्रधानअध्यापक नियुक्ति सम्वन्धी कार्यगर्नका लागि शिक्षा समितिले निम्नानुसारको मूल्यांकन समिति गठन गरिनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) त्रिभुवन वि.वि.का प्राध्यापक वा अवकाश प्राप्त प्र.अ.वा शिक्षक एक तह माथिको (पालिकावाहिरवाट) कार्यपालिकाले मनोनित गरेको दुइजना - सदस्य

(ग) शिक्षा समितिले तोकेको शिक्षा समितिको सदस्य एकजना - सदस्य

(घ) शिक्षा अधिकृत - सदस्य सचिव

१३. उपदफा (११) बमोजिम गठिति समितिले आफ्नो कार्यविधि आफै गर्नेछ। प्र.अ. पदमा नियुक्तिको लागि मूल्यांकन समितिले सिफारिस गरेका शिक्षकहरुलाई शिक्षा समितिले पदस्थापना गर्ने विद्यालयहरु निर्णययानुसार शिक्षा शाखाले नियुक्त गरि पदस्थापना गर्नेछ।

## प्रधानअध्यापक छनौटका आधारहरु

| क्र.सं. | आधारहरू | अंक | मूल्यांकन गर्ने निकाय |
|---|---|---|---|
| १ | न्यूनतम शैक्षिक योग्यता वापत प्रथम, द्वितीय, तृतीय | १५, १३ र ११ | मूल्यांकन समिति |
| २ | माथिल्लो शैक्षिक योग्यता वापत प्रथम, द्वितीय, तृतीय | ५, ३ र २ | मूल्यांकन समिति |
| ३ | शिक्षण अनुभव प्रति वर्ष २ अंकका दरले (सम्बन्धित तहको हकमा) | २० | मूल्यांकन समिति |
| ४ | शैक्षिक तालिम वापत प्रथम र द्वितिय | १०, र ८ | मूल्यांकन समिति |
| ५ | विद्यालय व्यवस्थापन तालिम वापत | २ | मूल्यांकन समिति |
| ६ | विद्यालय विकास प्रस्ताव वापत | १० | विज्ञ २ जना शिक्षा अधिकृत र वि.व्य.स अध्यक्ष |
| ७ | विद्यालय विकास प्रस्ताव प्रस्तुती | १० | विज्ञ २ जना शिक्षा अधिकृत र विव्या अध्यक्ष |
| ८ | नेतृत्वलिने क्षमताको प्रस्तुती | | |
| ८.१ | शिक्षा अधिकृतवाट मूल्यांकन | ५ | |
| ८.२ | व्यवस्थापन समितिवाट मूल्यांकन | ५ | |
| ८.३ | विद्यालयका शिक्षकहरुवाट मूल्यांकन | २ | |
| ९ | अध्यापन गरेको विषयको नतिजा | १० | |
| १० | इमिस तथा डिजिटल शिक्षण सिप | ५ | इमिस विज्ञ २जना, शिक्षा अधिकृत |
| ११ | कार्यमूलक अनुसन्धानका प्रतिवेदनहरु | १ | विज्ञ २जना ,शिक्षा अधिकृत र विव्या अध्यक्ष |
| | जम्मा | १०० अंक | |

माथिका आधार सूचक ८.१ र ८.२ मा शिक्षा अधिकृत, र विद्यालय व्यवस्थापन समितिले मूल्यांकन गर्ने आधारहरु निम्नानुसार हुनेछ।

| क्र.सं. | आधारहरू | अतिउत्तम १.० | उत्तम ०.७५ | मध्यम ०.५ |
|---|---|---|---|---|
| १ | शिक्षण पेशा प्रतिको लगनशीलता र | | | |

| क्र.सं. | आधारहरू | अतिउत्तम १.० | उत्तम ०.७५ | मध्यम ०.५ |
|---|---|---|---|---|
| | निष्ठा | | | |
| २ | शैक्षिक गुणस्तरप्रतिको समर्पण | | | |
| ३ | विद्यार्थी शिक्षक व्यवस्थापन समितिवीचको प्रभावकारी सम्वन्ध स्थापनागर्ने र समुदाय प्रभावकारी परिचालन गर्न सक्ने क्षमतान्वय | | | |
| ४ | उत्तरदायित्व र पारदर्शिता सम्वन्धी व्यवहार | | | |
| ५ | विषयगत दक्षता र सिप | | | |
| | जम्मा | | | |

१४. यो नियम प्रारम्भ हुँदाको बखत कार्यरत प्रधानाध्यापक उपनियम (२) बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभएसम्म त्यस्तो पदमा कायमै रहन सक्नेछ ।

३७ (घ) विद्यालयको खाता सञ्चालन : विद्यालयहरुको आर्थिक कारोवारको लेखाको खाता विद्यालयका प्र.अ. र कार्यालय सहायक वा वरिष्ठतम शिक्षकको संयुक्त हस्ताक्षरवाट सियारी गाउँपालिकाको सिफारिसमा सञ्चालन हुनेछ ।

**३७(ङ) सजाय गर्ने अधिकारीः—**

**क)** **सजाय** :उचित र पर्याप्त कारण भएमा देहायको विभागीय सजाय गर्न सक्नेछ ।

(क) नसिहत दिनेः- विद्यालय आउने, जाने समय ख्याल नगरेमा शिक्षक र कर्मचारीलाई प्र.अ. नसिहत दिन सकिनेछ । प्र.अ.लाई शिक्षा अधिकृत ।

(ख) तलब रोक्का वा तलब कट्टा गर्नेः- शिक्षक र कर्मचारीको हकमा प्र.अ. र प्र.अ.को हकमा शिक्षा अधिकृत।

(ग) अनुशासनहीन काम गरेमा :शिक्षक र कर्मचारीको हकमा प्र.अ. र प्र.अ.को हकमा शिक्षा अधिकृत ।

(घ) आचरण सम्बन्धि नियम उल्लंघन गरेमाः शिक्षक र कर्मचारीको हकमा प्र.अ. र प्र.अ.को हकमा शिक्षा समिति।

(ङ) खटाएको काममा नगएमा : शिक्षक र कर्मचारीको हकमा प्र.अ. र प्र.अ.को हकमा शिक्षा समिति।

ख) **नोकरीबाट बर्खास्त** : शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय गाउँपालिकाले सृजना गरेको अस्थायी दरवन्दीमा कार्यरत अस्थायी प्र.अ., शिक्षक र विद्यालय कर्मचारीलाई नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा र भ्रष्टाचार गरेमा स्वतः पदमुक्त भएको मानिनेछ ।

(ग) **असूल उपरः** विद्यालयलाई नोक्सानी भएको रकम असूल गर्ने शिक्षा समितिको सिफारिसमा शिक्षा अधिकृत। जानीजानी वा लापरवाही गरी कुनै काम गरेको कारणले विद्यालयलाई कुनै हानि नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानी भएको रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

(घ) **सफाइ पेशः**- सजाय दिन पाउने अधिकारीले सजाय गर्ने आदेश दिनु भन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । तर स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण चित्त बुझदो नभएमा सजायको आदेश दिने अधिकारीले सजाय प्रस्ताव गरी पुनः स्पष्टीकरण माग गर्नेछ।

**३७(च) स्थायी अध्यापन अनुमति पत्रः—** शिक्षक पदमा नियुक्त हुन अनिवार्य स्थायी अध्यापन अनुमति पत्र हुनु पर्नेछ ।

**३७(छ) विज्ञको सूची अद्यावधिक गर्नेः**- सियारी गाउँपालिका भित्र अनुदानमा नियुक्त हुने शिक्षकको लागि शिक्षक नियुक्तिको लागि विज्ञहरुको सूची सियारी गाउँपालिका शिक्षा शाखाले नियमानुसार स्थायी शिक्षकहरुवाट विज्ञको सूचिकृत गर्नेछ ।

३७(ज) **शिक्षा सुधार समिति गठनः-** सियारीको समग्र शैक्षिकस्तर सुधार गर्नको लागि तोकिए बमोजिम शिक्षा सुधार समिति गठन गरिनेछ ।

**१५. ऐनको दफा ४३ को उपदफा २ पछि ३ थप गरिएको छः** सामाजिक परीक्षण नगराउने, अन्तिम लेखापरीक्षणलाई वेवास्ता गर्ने, विद्यालयको वार्षिक उत्सोव नगर्ने, गलत तथ्यांक पेश गर्ने, शैक्षिक गुणस्तरमा सुधारमा ध्यान नदिने, कोर्ष समयमै समाप्त नगर्ने र विद्यालयको दैनिक प्रशासनिक, शैक्षिक र पठनपाठनका गतिविधिमा ध्यान् नदिइ विद्यालय र गाउँपालिकालाई जानकारी नदिइ पालिका वाहिरका कामलाई प्राथमिकता दिने विद्यालय कर्मचारी, शिक्षक, प्र.अ.लाई शिक्षा शाखा प्रमुखले सचेत गराउने, स्पष्टीकरण माग गर्ने तथा तलव रोक्का समेत गर्न अधिकार हुनेछ थप कार्वाहीको लागि शिक्षा समितिमा सिफारिस गर्न सक्नेछ। सियारी शिक्षा समितिको सिफारिसका कार्यपालिका अन्तिम कारवाही र किनारा लगाउन सक्नेछ ।

प्रमाणिकरण मिति २०७९।१०।१०

आज्ञाले
रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत